Bouddhik Abhiyan: A Multidisciplinary Peer-reviewed Journal
Vol.VIII, Issue 1: PP 98-116, 2023, July
ISSN: 25050915 (Print)
DOI: https://doi.org/10.3126/bdkan.v8i01.57796
Nepal Progressive Professors' Association, Koshi Province, Nepal

# अविद्या/माया चिन्तनका दृष्टिमा ऋतुविचार खण्डकाव्य

यादवप्रसाद शर्मा[1*]

[1]*सहप्राध्यापक (नेपाली), त्रि. वि., सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ*

[*]*इमेल : sharmayadav134@gmail.com*

**लेखसार**

*ऋतुविचार खण्डकाव्यलाई पौरस्त्य दर्शनको अविद्या/मायासम्बन्धी मान्यताका आधारमा विवेचना गरिएको यस अनुसन्धानात्मक लेखका निम्ति आवश्यक सामग्री पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ र सैद्धान्तिक आधारको निर्माणमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा क्रमशः उपनिषद्, साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त र बौद्ध दर्शनका अविद्यासम्बन्धी स्थापनाहरूको अनुशीलन र ऋतुविचार खण्डकाव्यको सूक्ष्मपठन गरी अविद्यासम्बन्धी चिन्तन अभिव्यञ्जित प्रमुख श्लोकहरू ठम्याएर तिनीहरूको व्याख्या/विश्लेषण गरिएको छ । अन्त्यमा ऋतुविचार खण्डकाव्यको मूल अलङ्कार्य विषय परिवर्तनमूलक ऋतुचक्रसम्बन्धी प्रकृतिचित्रण रहे पनि अध्यात्मसम्बन्धी विषयगत विम्बहरू प्रकृतिचित्रणका सन्दर्भमा नै आएका छन् । यसरी काव्यमा अध्यात्मसम्बन्धी विषयगत विम्बहरूलेपनि प्राकृतिक परिवर्तनमूलक ऋतुचक्रसम्बन्धी मूल विषयवस्तुभित्र नै स्थान पाएका छन् र पौरस्त्य दर्शनको अविद्या/मायासम्बन्धी चिन्तन पनि अलङ्कार्यका रूपमा नभएर अलङ्कारका रूपमा व्यक्त भएको छ । यस खण्डकाव्यमा व्यक्त अविद्या/मायाचिन्तनमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तको प्रभाव लेखनाथको अध्ययन एवं श्रवण, मनन तथा निदिध्यासनगत भए तापनि बौद्ध दर्शनको प्रभाव भने उपर्युक्त दर्शनहरूसँग बौद्ध दर्शनको साम्यता र कविको पूर्वसंस्कारगत हो भन्ने निष्कर्ष दिइएको छ ।*

*मुख्य शब्द* :अज्ञान, ज्ञानाभाव, भ्रान्ति, मुक्ति, विषयतृष्णा

**परिचय**

*ऋतुविचार* कवि लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२) द्वारा रचित खण्डकाव्य हो । लेखनाथ पौड्यालले वि.सं. १९५६ देखि नै संस्कृत र नेपाली भाषामा समस्यापूर्ति कविता रच्न थाले पनि उनका नेपाली कविताको प्रकाशन शृङ्खला “कविताकल्पद्रुम” सामूहिक कवितासङ्ग्रह (वि.सं. १९६१-६२) बाट थालिएको पाइन्छ । उनको समग्र काव्ययात्रालाई प्रारम्भिक प्रहर (वि.सं. १९६१-१९९०), मध्यवर्ती प्रहर (वि.सं. १९९१-२००७) र अन्तिम प्रहर (वि.सं. २००८-२०२२) गरी तीन चरणमा विभाजित गरी अध्ययन गर्ने गरिएको पाइन्छ । उनले आफ्ना कविता यात्राका प्रथम प्रहरमा माध्यमिक कालीन शृङ्गार धाराका सट्टामा केही स्वच्छन्दतावादी प्रभाव परेका परिष्कारवादी कविताको सिर्जना गरेको पाइन्छ ।

प्रथम नेपाली प्रकृतिकाव्य *ऋतुविचार*लाई परिवर्धित र परिमार्जित रूपमा प्रकाशित गर्दै वि.सं. १९९१ देखि लेखनाथ पौड्यालआफ्ना कवितायात्राका द्वितीय वा मध्यवर्ती प्रहरमा प्रवेश गर्छन् । कविता यात्राका मध्यवर्ती चरणमा उनको आध्यात्मिक चेतना बढी खारिनुका साथै लय तथा भाषाशैलीमा अझ परिष्कार एवं उत्कर्ष आएको पाइन्छ । आफ्ना कविता यात्राका अन्तिम चरणमा उनले आध्यात्मिक चेत र युगीन सामाजिक चेतको समीकरण गर्दै भावना र बौद्धिकताको समन्वितिका साथै लय र भाषाशैलीको सहजपरिष्कृत कालिगढीलाई उचाइसम्म पुऱ्याएका छन् (त्रिपाठी र अन्य, २०५४:, पृ. १४१) । लेखनाथ पौड्यालका *ऋतुविचार*(१९७३ र १९९१), *बुद्धिविनोद* (१९७३ र १९९४), *सत्यकलिसंवाद* (१९७६), *गीताञ्जलि* (१९८६), *अमरज्योतिको सत्यस्मृति* (२००८), *मेरो राम* (२०११) जस्ता खण्डकाव्य, *लक्ष्मीपूजा* (१९९४) र *भर्तृहरिनिर्वेद* (२०२०) जस्ता नाटक, *तरुणतपसी* (२०१०) नव्यकाव्य, *लालित्य भाग १* (२०१०), *लालित्य भाग २* (२०२५), *कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता* (२०४१) र *लेखनाथका प्रमुख कविता* (२०४६) जस्ता कविता सङ्ग्रहहरू प्रकाशित रूपमा उपलब्ध छन् ।

*ऋतुविचार*खण्डकाव्य लेखनाथको कवित्वको उच्चतर प्राप्तिबिन्दु हो । यो खण्डकाव्य सर्वप्रथम वि.सं. १९७३ मा ३०० श्लोकको काव्यका रूपमा प्रकाशित भएको भए तापनि परिष्कृत-परिमार्जित ६०६ श्लोकको काव्यका रूपमा पुनः वि.सं. १९९२ मा प्रकाशित गरिएको हो । यो खण्डकाव्य क्रमशः वसन्त विचार, ग्रीष्म विचार, वर्षा विचार, शरद् विचार, हेमन्त विचार, शिशिर विचार गरी ६ सर्गमा विभाजित छ । यस काव्यका प्रत्येक सर्ग अनुष्टुप छन्दका १०० र मालिनी छन्दको १ गरी जम्मा १०१ श्लोकमा रचित छन् । यस खण्डकाव्यको मूल कथ्य प्रकृतिचित्रण भए पनि प्रकृतिचित्रणका क्रममा

उपमानका रूपमा पौरस्त्य आध्यात्मिक दर्शनका अनेक पक्ष पनि अभिव्यञ्जित भएको पाइन्छ। ऋतुविचार खण्डकाव्यमा नेपाली एवं विश्वप्रकृतिको चित्रणका अतिरिक्त तत्कालीन नेपाली समाज, नीति चेतना, संस्कृति, राजनीतिका साथै आध्यात्मिक पुनर्जागरणको स्वर पनि पर्याप्त मात्रामा पाइन्छ। मूलतः प्रकृतिचित्रण नै यस काव्यको कथ्य रहेको भए तापनि पौरस्त्य आध्यात्मिक दर्शनका अविद्या/मायासम्बन्धी दृष्टिहरू पनि सशक्त रूपमा अभिव्यञ्जित भएका छन्। यस काव्यलाई प्रकृति चित्रण, समाज चित्रण, नीति चेतना, संस्कृति, राजनीति आदि विविध पक्षका साथै पूर्वीय दर्शनका विविध पक्षबाट समेत विश्लेषण गर्न सकिने भए तापनि यस लेखमा उपर्युक्त सबै पक्षबाट विश्लेषण नगरी केवल साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त एवं बौद्धजस्ता पूर्वीय दर्शनका अविद्या/मायासम्बन्धी स्थापनाका आधारमा मात्र विश्लेषण गरिएको छ।

## विधि र सामग्री

यस अनुसन्धानात्मक लेखका लागि आवश्यक सामग्रीहरूको सङ्कलनमा पुस्तकालयीय स्रोतको प्रयोग गरिएको छ र विश्लेषणका लागि आवश्यक सैद्धान्तिक आधारको निर्माण निगमनात्मक विधिका आधारमा गरिएको छ अनि विश्लेष्य श्लोकहरूको छनोटमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ।

## परिणाम र छलफल

### *पौरस्त्य दर्शनका परम्परामा अविद्या*

अविद्या/मायाका सम्बन्धमा पौरस्त्य चिन्तन परम्परामा गहिरो गवेषण गरिएको पाइन्छ। प्रायः सबै पौरस्त्य दर्शनमा प्रमा अर्थात् सम्यक् ज्ञानका साथै भ्रम अर्थात् अविद्या वा मिथ्याज्ञानको पनि निरूपण गरिएको पाइन्छ। प्राचीन एवं अर्वाचीन पौरस्त्य आध्यात्मिक दर्शनहरूले कुनै न कुनै रूपमा दुःख एवं बन्धनको कारण अविद्यालाई मानेका छन्। यहाँ पौरस्त्य चिन्तन परम्पराका अविद्यासम्बन्धी दृष्टिहरूलाई सङ्क्षेपमा समीक्षण गरिएको छ :

पौरस्त्य चिन्तन परम्परामा उपनिषद्देखि नै अविद्या/मायासम्बन्धी चिन्तनको बीजाधान भएको पाइन्छ। शङ्कराचार्यले उपनिषद्हरूमा विद्यमान अविद्या वा मायासम्बन्धी चिन्तनलाई नै शाङ्कर वेदान्तमा व्यवस्थित रूपले प्रस्तुत गरेका हुन्। ईशावास्योपनिषद्मा 'सत्यको मुख स्वर्णिम ज्योतिर्मय पात्र (आवरण) बाट ढाकिएको छ (ईशा.उप: १५)' भनिएको पाइन्छ। वास्तवमा मायानिर्मित संसार र सांसारिक विषयहरू जीवका निम्ति अत्यन्त आकर्षक एवं मनमोहक हुने भएकोले नै यसो भनिएको हो।

कठोपनिषद्मा 'जसलाई विद्या र अविद्याका रूपमा जानिन्छ ती दुवै अत्यन्त विरुद्ध स्वभाव एवं विपरीत फलदायी छन् (कठ.उपः १.२.४)' भनिएको छ भने त्यहीँ 'अविद्याका बीचमा स्थित भएर पनि आफैँलाई बुद्धिमान् एवं पण्डित मान्ने मूढहरू अन्धाहरूबाट मार्गदर्शन गराइएका अन्धासमान अविद्यामा नै घुमिरहन्छन् (कठ.उपः १.२.५)' भनिएको छ । मुण्डकोपनिषद्मा 'यो समस्त विश्व, कर्म र तप (ज्ञान) पुरुष नै हो, त्यो पर तथा अमृतरूप ब्रह्म हो । जसले त्यसलाई सम्पूर्ण प्राणीहरूको अन्तःकरणमा रहेको जान्दछ त्यसले यहीँ अविद्या ग्रन्थिलाई छेदन गर्दछ (मुण्डक.उपः २.१.१०)' भनिएको छ । छान्दोग्योपनिषद्मा 'विद्या र अविद्या दुवै भिन्न भिन्न फलयुक्त छन्, जुन कर्म विद्या, श्रद्धा, एवं योगयुक्त भएर गरिन्छ त्यही कर्म प्रबलतर हुन्छ (छान्दोग्य.उपः १.१.१०)' भनिएको छ । जसले जस्तो कर्म गर्दछ, तदनुसार फलप्राप्ति हेतु उसले त्यस्तै योनिमा जन्म ग्रहण गर्नुपर्दछ । शुभ कर्महरूका लागि सुख र अशुभ कर्महरूका लागि दुःख भोग्नका लागि विविध जन्म ग्रहण गर्नुपर्दछ । कतिपय सञ्चित कर्महरूको फल कालान्तरमा पनि प्राप्त हुन्छ (मिश्र, सन् २००९ क, पृ. ८६) । बृहदारण्यकोपनिषद्मा 'असत्बाट सत्तर्फ, तमस्बाट ज्योतितर्फ र मृत्युबाट अमृततर्फ लैजान प्रार्थना गर्दै अविद्यालाई असत्, अन्धकार र मृत्युका रूपमा तथा विद्यालाई सत्, प्रकाश तथा अमृतका रूपमा प्रस्तुत गरिएको छ ( बृहद्.उपः १.३.२८) ।' प्रश्नोपनिषद्मा जसमा कुटिलता, मिथ्यात्व र कपट छैन उनीहरूलाई विशुद्ध ब्रह्मलोक प्राप्त हुन्छ (प्रश्न.उपः १.१६)' भनिएको छ । श्वेताश्वतरोपनिषद्मा 'प्रकृतिलाई मायाका रूपमा र ईश्वरलाई मायावीका रूपमा जान्नुपर्दछ । त्यसैको अवयवभूत कार्यकारणसंघातबाट यो सम्पूर्ण जगत् व्याप्त छ (श्वेताश्व.उपः ४.९)' भनिएको छ ।

साङ्ख्य दर्शनका अनुसार पुरुषलाई आफ्नो वास्तविक स्वरूपको ज्ञान नहुनु नै बन्धन वा अविद्या हो । पुरुष जब अन्तःकरणावच्छिन्न बन्न पुग्छ तब ऊ स्वयंलाई जीव मान्न थाल्दछ । परन्तु पुरुष भनेको नित्य मुक्त, परिमाणातीत, बन्धन तथा मोक्षरहित, विशुद्ध चैतन्य हो । जब पुरुष आफूलाई कर्ता, भोक्ता, परिणामी, बद्ध भएको ठानी अविद्याग्रस्त बन्दछ तब प्रकृतिप्रति आसक्त भएर बन्धनबद्ध हुन्छ । यही अविद्या वा विवेकाभाव दुःखत्रयको कारण हो । तत्वाभ्यासका अभावमा नै अविद्या बलवान् बन्दछ । जसरी मानिसहरू आआफ्ना कार्यमा प्रवृत्त हुन्छन् त्यसरी नै प्रकृति पनि पुरुषको कार्य (भोग र अपवर्ग) का लागि स्वतः प्रवृत्त हुन्छे र त्यसले जुन पुरुषलाई मुक्त गर्दिन्छे पुनः त्यसैका निम्ति सर्गका लागि प्रवृत्त हुन्न अर्थात् प्रकृतिले मुक्त पुरुषका लागि पुनः सर्ग (सृष्टि) प्रकियाको आरम्भ गर्दिन (ईश्वरकृष्ण, सन् २००९, पृ. १५१-१५२) भनिएको छ ।

योग दर्शनका अनुसार सम्पूर्ण भौतिक सुखहरू क्षणिक एवं विपरिणामधर्मा भएकाले अन्ततः दुःखमा नै परिणत हुन्छन् । परन्तु अविद्याग्रस्त जीवले यस वास्तविकताको अनुभव गर्न सक्दैन, परिणामस्वरूप उसले दोषपूर्ण ज्ञानका कारण अनित्य, अशुचि, दुःख एवं अनात्ममा क्रमशः नित्य, शुचि, सुख एवं आत्मको अनुभूति गर्दछ र यही दोषपूर्ण ज्ञान नै अविद्या हो (पा.यो.सू: २.५) ।' त्यसैले महर्षि पतञ्जलि (सन् २००४)ले 'विवेकशील व्यक्तिका लागि संसारमा केवल दुःखमात्र व्याप्त छ (पा.यो.सू: २.१५)' भनेका छन् । उनले अनागत दुःखबाट बँच्नुपर्छ (पा.यो.सू: २.१६) भनेर भविष्यका दुःखको कारण बन्न सक्ने कर्म र कर्मबन्धनबाट बाँच्ने प्रयत्न गर्नुपर्ने कुरालाई पनि औँल्याएका छन् । उनले स्पष्टरूपमा 'द्रष्टा र दृश्यको योग नै दुःखको मूल कारण हो (पा.यो.सू: २.१७)' भन्दै 'त्यो संयोगको कारण अविद्या हो (पा.यो.सू: २.२४)' भनेका छन् । उनले 'अविद्या समाप्त हुनासाथ द्रष्टा र दृश्यको संयोग पनि समाप्त हुन्छ र त्यही शुद्ध चेतनाको पृथकत्व नै कैवल्य हो (पा.यो.सू: २.२५)' भनेका छन् ।

न्याय दर्शनका अनुसार आत्माले अज्ञानवश शरीर, इन्द्रिय र मनजस्ता पदार्थहरूभन्दा आफू भिन्नै भएर पनि एउटै पदार्थ ठान्दछ । यही अज्ञान नै बन्धन हो । म शरीर, इद्रिय र मन हुँ भन्ने मिथ्याज्ञान नहटुन्जेल आत्मा संसाररूपि बन्धनमा फसिरहन्छ र आवागमनको चक्रमा घुमिरहन्छ । वैशेषिक दर्शनमा पनि अविद्याबाट बन्धन र विद्याबाट मोक्ष प्राप्त हुने कुरा गरिएको पाइन्छ । अविद्याको वशमा परेर आत्माले कर्म गर्दछ । कर्मबाट अदृष्टमा धर्म, अधर्म र संस्कार सञ्चित भइरहन्छन् र फलोन्मुख भएर आत्माका कर्मका फलको भोगको लागि सृष्टि सञ्चरित भएपछि सृष्टि प्रक्रियाको प्रारम्भ हुन्छ । आत्मा जबसम्म कर्मजालमा फसिरहन्छ तबसम्म बन्धनबद्ध रहन्छ र यही अज्ञान वा मिथ्याज्ञान नै अविद्या हो ।

मीमांसा दर्शनमा प्रमा अर्थात् सम्यक् ज्ञानलाई यथार्थानुभव (तद्वति तत्प्रकारकज्ञानम्) र भ्रमरूप अप्रमालाई अयथार्थानुभव (अतद्वति अतत्प्रकारकज्ञानम्) भनिएको पाइन्छ । मीमांसकहरूले यथार्थ ज्ञानलाई सत्योपलब्धि र अयथार्थ ज्ञानलाई मिथ्योपलब्धि भनेका छन् । भ्रमका विषयमा मीमांसा दर्शनमा प्रभाकर मिश्रको अख्यातिवाद र कुमारिल भट्टको विपरीतख्यातिवाद गरी मूलतः दुई सिद्धान्त छन् । प्रभाकर वस्तुवादी आचार्य हुन् । वस्तुवादका लागि भ्रम एउटा जटिल समस्या हो । कुनै पनि वस्तुवादीले भ्रमको सन्तोषजनक समाधान कहिल्यै पनि गर्न सक्दैन किनभने भ्रमले वस्तुवादी चिन्तनको मूल आधारमा नै चोट पुऱ्याउँछ । वस्तुवादका अनुसार सम्पूर्ण इन्द्रिय ग्राह्य ज्ञान यथार्थ हुन्छ त्यसैले भ्रमको कुरा उठाउनासाथ यस यथार्थवादी (वस्तुवादी) मान्यतामा कुठाराघात हुनपुग्छ । अतः प्रभाकर

भ्रमलाई विवेकाग्रह अर्थात् ज्ञानको अभाव मान्दछन् । यिनका अनुसार ज्ञान अनुभूयमान हुन्छ । भ्रम त अनुभवको अभाव मात्र हो । भ्रमको कारण विवेकाग्रह अर्थात् विवेकको अभाव हो किनकि विवेक उत्पन्न हुनासाथ विवेकको अभाव नष्ट हुन्छ, भ्रम समाप्त हुन्छ र अख्यातिको अन्त हुन्छ । यसैलाई अख्यातिवाद भनिन्छ ।

कुमारिल भट्टको मत प्रभाकर मिश्रको ख्यातिवादभन्दा भिन्न छ । यिनको मतलाई विपरीतख्यातिवाद भनिन्छ । यिनको मत नैयायिकहरूसँग मिल्दोजुल्दो छ । कुमारिलका अनुसार भ्रम केवल भेदाग्रह या अज्ञान मात्र नभएर विरीतग्रह या अन्यथाग्रहण (मिथ्याज्ञान) हो । भ्रमलाई यिनले अन्यथानुभव मानेका छन् । यिनले भ्रमलाई भावरूप मानेका छन् ।

वेदान्त दर्शनका अनुसार ब्रह्म र आत्मा दुवै परमतत्त्वका पर्याय हुन् । जगत्प्रपञ्च मायाको प्रतीति हो । जीव र जगत् दुवै मायाकृत हुन् । तैत्तिरीयोपनिषद्का अनुसार माया न सत् हो न असत् हो न उभयरूप छ । यो विलक्षण एवं अनिर्वचनीय छ (तैत्ति.उपः २.६) शङ्कराचार्यका अनुसार आत्मा शुद्ध चैतन्यस्वरूप, अपरिणामी, ज्ञाता र नित्य छ । अनात्मा विषय, ज्ञेय, परिणामी, जड तथा अनित्य छ । यी दुवै विपरीतधर्मी भएका कारण प्रकाश र अन्धकारको मिलन असम्भव भएजस्तै यिनको मिलन पनि असम्भव हुन्छ, फेरि यिनको मिलनविना लोकव्यवहार तथा लौकिक अनुभव पनि सिद्ध हुन सक्दैन । यस असम्भव मिलनलाई सम्भवका रूपमा प्रतीत गराउने शक्तिको नाम नै माया वा अविद्या हो (मिश्र, सन् २००९ ख, पृ. ५६२) । जसरी भ्रमका अवस्थामा रज्जु सर्पका रूपमा प्रतीत हुन्छ र रज्जुको ज्ञान भएपछि सर्पको प्रतीति बाधित हुन्छ त्यसरी नै ब्रह्म पनि मायाका कारण जगत्प्रपञ्चका रूपमा प्रतीत हुन्छ तथा ब्रह्मको अपरोक्षानुभूति वा ब्रह्मज्ञानपछि जगत्प्रपञ्च पनि बाधित हुन्छ । यही नै आत्मस्वरूपको ज्ञान वा मोक्षावस्था हो । वेदान्तमा माया, अविद्या, अध्यास, अज्ञान, अध्यारोप, विवर्त, भ्रान्ति, भ्रम इत्यादि शब्दलाई प्रायः पर्यायवाची रूपमा प्रयोग गरिएको पाइन्छ । यीमध्ये पनि माया, अविद्या, अध्यास, अज्ञान एवं विवर्त शब्द अधिकतर पर्यायार्थक रूपमा प्रयुक्त छन् ।

बौद्ध दर्शनमा अविद्यालाई मार पनि भनिएको पाइन्छ । समस्त चैतसिक दुर्बलताहरू र दुर्गुणहरूको समूहलाई मारसेना र त्यसको नेतृत्व गर्ने अविद्यालाई मार भनिएको छ । अविद्या नै प्रतीत्यसमुत्पादको प्रथम अङ्ग हो तथा भवचक्रको मूल कारण पनि हो । अविद्या अनादि हो । अविद्याको विनाश केवल विद्याबाट मात्र हुन्छ । व्यक्तिगत लौकिक अज्ञानको निवृत्ति सविकल्प बौद्धिक ज्ञानबाट नै हुन्छ परन्तु अविद्या भनेको व्यक्तिगत लौकिक अज्ञान होइन । यो त दुःखरूप समस्त संसार वा

भवचक्रको जनक हो । अतः यसको विनाश सविकल्प बौद्धिक ज्ञानबाट हुन सक्दैन किनभने सविकल्प बुद्धि सीमित, सापेक्ष एवं अविद्याजन्य हुन्छ । यस मूल अविद्याको नाश केवल मौलिक, निर्विकल्प, निरपेक्ष, अपरोक्षानुभूतिजन्य ज्ञानबाट मात्र सम्भव हुन्छ । अविद्याको कार्य तत्त्वलाई वास्तविक रूपमा नदेखाएर विकृत रूपमा देखाउनु, तत्त्वको यथार्थ स्वरूपलाई आवृत गरेर अन्य आरोपित रूपमा देखाउनु, असीम, अद्वैत, निर्विकल्प तत्त्वलाई बुद्धिविकल्पद्वारा ससीम, द्वैत एवं सापेक्ष रूपमा प्रतीत गराएर भ्रमित तुल्याई भवचक्रमा फसाउनु हो । अविद्याको विनासबाट प्रज्ञापारमिता वा विद्याको प्राप्ति हुन्छ अथवा प्रज्ञापारमिता वा विद्याको प्राप्तिबाट अविद्याको विनाश हुन्छ । यही कुरालाई वेदान्त दर्शनका अनुसार 'अधिष्ठानको ज्ञान र भ्रमको निवृत्ति दुवै एकै हुन् र एकसाथ हुन्छन् । ब्रह्म साक्षात्कार, अविद्यानिवृत्ति, प्रपञ्चविलय, मोक्षप्राप्ति एकै हुन् र एकसाथ घटित हुन्छन् । अभ्फ घटित हुन्छन् भन्ने कुरा पनि व्यवहारका लागि मात्र हो किनभने त्यहाँ कुनै कार्य घटित हुँदैन । ब्रम्ह साक्षात्कार, अविद्यानिवृत्ति, प्रपञ्चविलय र मोक्षप्राप्तिमा कार्यान्तर हुँदैन (शङ्कराचार्य, सन्२००४, पृ. १५४) ।' यसर्थ भवचक्रभञ्जन, चार आर्य सत्यको परिज्ञान, लोकोत्तर निर्वाणप्राप्ति, मारविजय, अविद्यानिवृत्ति, सम्बोधिको प्राप्ति, मोक्षको प्राप्ति जे नाम दिए पनि कुरा एउटै हो भन्ने कुरा प्रस्ट हुन्छ ।

निष्कर्षतः अविद्या भनिने एउटै तत्त्वलाई सन्दर्भानुसार प्रकृति, माया, मल, कर्म, बन्ध, पुर्यष्टक, अज्ञान, अदर्शन, तम, मोह, अन्धकार तथा ईश्वरेच्छा इत्यादि भनिएको पाइन्छ । कतिपय अपवादहरूलाई छोड्दा अविद्यालाई ज्ञानाभाव, मिथ्याज्ञान तथा अल्पज्ञानका तात्पर्यमा लिइएको भए पनि मिथ्याज्ञान अधिक सम्मत रहेको छ ।

### *अविद्या/माया चिन्तनका दृष्टिले ऋतुविचार खण्डकाव्य*

लेखनाथ पौड्यालले प्रशस्त फुटकर कविताका साथै अनेकौं काव्य/खण्डकाव्यहरूमा पूर्वीय मिथकहरूका आधारमा गहन आध्यात्मिक तथा दार्शनिक चिन्तन अभिव्यञ्जित गरेका छन् । *ऋतुविचार*मा पनि प्रकृतिको चित्रण एवं रेखाङ्कन गर्ने सन्दर्भमा समाज, संस्कृति, नीति, अध्यात्म एवं दर्शनसम्बन्धी विषयगत विम्बहरूको प्रयोग गर्दा अविद्यासम्बन्धी चिन्तन पनि अभिव्यञ्जित भएको छ । यस लेखमा वसन्त विचारका सोह्रौं, सन्ताउन्नौं र बैसठ्ठियौं, ग्रीष्म विचारका छ्यासियौं र अन्ठान्नब्बेऔं, वर्षा विचारका अठ्तिसौं, पचासौं, उनन्साठिऔं, हेमन्त विचारका एघारौं, सत्रौं, अठारौं, उन्नाइसौं, तिसौं, एकतिसौं र बत्तिसौं गरी जम्मा पन्ध्रवटा श्लोकलाई साक्ष्यका रूपमा लिई तिनीहरूको विश्लेषण गरेर निम्नानुसार अविद्या चिन्तनको अनुसन्धान गरिएको छ :

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब ।

विवेक ज्योतिले शुद्ध विद्यातुल्य बनिन् अब ॥ (१ : १६)

*ऋतुविचार*खण्डकाव्यको प्रथम सर्ग अर्थात् वसन्त विचारको सोह्रौँ श्लोकमा वसन्तको दिव्य प्रभाव पर्दा वसन्त कालमा सम्पूर्ण पृथ्वी विवेक रूपी ज्योतिले शुद्ध विद्यासमान बनिन् भनिएको छ । यहाँ वसन्तको प्रभावले सुन्दर बनेको पृथ्वीलाई विवेक ज्योतिले शुद्ध बनेको विद्याको उपमा दिइएको छ ।

विवेकज्योति भनेको प्रज्ञा हो र विद्या भनेको विशुद्ध ज्ञान हो । उपनिषद्हरूका अनुसार विद्या र अविद्या विपरीत तत्त्व हुन् । साङ्ख्य दर्शनका अनुसार पुरुषलाई आफ्नो वास्तविक स्वरूपको ज्ञान नहुनु नै अविद्या हो र यही विवेकाभाव नै दुःखत्रयको कारण हो । योगदर्शनका अनुसार दोषपूर्ण ज्ञानका कारण अनित्य, अशुचि, दुःख एवं अनात्ममा नित्य, शुचि, सुख एवं आत्मको अनुभूति गर्नु नै अविद्या हो । न्यायदर्शनका अनुसार शरीर, इन्द्रिय र मनहरूबाट भिन्न भएर पनि आत्माले अज्ञानवश यिनीहरूलाई नै आफू ठान्नु अविद्या हो भने वैशेषिक दर्शनका अनुसार अज्ञान तथा मिथ्याज्ञान अविद्या हो । वेदान्तका अनुसार अविद्या/माया अनादि, ब्रह्मबाट अनन्य, ब्रह्मको अभिन्न शक्ति, सदसदनिर्वचनीय ( भावाभावविलक्षण) तथा ज्ञाननिरस्या (ज्ञानबाट बाधित हुने) छ । मीमांसकहरूमध्ये प्रभाकर मिश्रका अनुसार अविद्या विवेकाग्रह वा अनुभव (ज्ञान) को अभाव हो भने कुमारिल भट्टका अनुसार अन्यथाग्रहण (मिथ्याज्ञान) हो । बौद्ध दर्शनका अनुसार समस्त चैतसिक दुर्बलता र दुर्गुणहरूको नेतृत्व गर्ने तत्त्व नै अविद्या हो र यही प्रतीत्यसमुत्पादको प्रथम अङ्ग अविद्या नै भवचक्रको मूल कारण पनि हो ।

अविद्याको विनाश केवल विद्याबाट मात्र हुन्छ । व्यक्तिगत लौकिक अज्ञानको निवृत्ति सविकल्प बौद्धिक ज्ञानबाट हुन्छ परन्तु अविद्या भनेको व्यक्तिगत लौकिक अज्ञान होइन । यो त दुःखरूप समस्त संसार वा भवचक्रको जनक हो । अतः यसको विनाश सविकल्प बौद्धिक ज्ञानबाट हुन सक्दैन किनभने सविकल्प बुद्धि सीमित, सापेक्ष एवं अविद्याजन्य हुन्छ । मूल अविद्याको नाश केवल मौलिक, निर्विकल्प, निरपेक्ष, अपरोक्षानुभूतिजन्य ज्ञानबाट मात्र सम्भव हुन्छ । अविद्याको कार्य तत्त्वलाई वास्तविक रूपमा नदेखाएर विकृत रूपमा देखाउनु, तत्त्वको यथार्थ स्वरूपलाई आवृत गरेर आरोपित रूपमा देखाउनु, असीम अद्वैत निर्विकल्प तत्त्वलाई बुद्धिविकल्पद्वारा ससीम द्वैत एवं सापेक्ष रूपमा प्रतीत गराएर भ्रमित तुल्याई भवचक्रमा फसाउनु हो । अविद्याको विनाशबाट प्रज्ञापारमिता वा विद्याको प्राप्ति हुन्छ अथवा प्रज्ञापारमिता वा विद्याको प्राप्तिबाट अविद्याको विनाश हुन्छ । यही कुरालाई वेदान्त दर्शनमा

'अधिष्ठानको ज्ञान र भ्रमको निवृत्ति दुवै एकै हुन् र एकसाथ हुन्छन् । ब्रह्मसाक्षात्कार, अविद्यानिवृत्ति, प्रपञ्चविलय, मोक्षप्राप्ति एकै हुन् र एकसाथ घटित हुन्छन् । एकसाथ घटित हुन्छन् भन्ने कुरा पनि व्यवहारका लागि मात्र हो किनभने त्यहाँ कुनै कार्य घटित हुँदैन (शर्मा, २०१०, पृ.२५८) भनिएको पाइन्छ । शङ्कराचार्यका अनुसार 'ब्रह्मसाक्षात्कार, अविद्यानिवृत्ति, प्रपञ्चविलय र मोक्षप्राप्तिमा कार्यान्तर हुँदैन (शङ्कराचार्य, सन् २००४, पृ. १५४) ।' यसर्थ भवचक्र भञ्जन, चार आर्य सत्यको परिज्ञान, लोकोत्तर निर्वाणप्राप्ति, मारविजय, अविद्यानिवृत्ति, सम्बोधिप्राप्ति, मोक्षप्राप्ति एउटै कुरा हो ।

अविद्याका कारण नै प्रज्ञा (प्रत्यक्ष भित्री ज्ञान) जागृत हुँदैन । सुनेको र पढेको किताबी ज्ञानबाट यस आवागमनको भवचक्रलाई जति बुझे पनि आफ्नै प्रज्ञा जागृत नगराई समाधान प्राप्त हुँदैन । प्रज्ञा जागृत नभएसम्म अविद्याजनित मोहको अन्धकार रहिरहने हुँदा विशुद्ध ज्ञान जागृत हुँदैन । उपर्युक्त श्लोकमा वसन्तको दिव्य प्रभाव पर्दा सम्पूर्ण पृथ्वी विवेकरूपी ज्योतिले शुद्ध विद्यासमान बनिन् भनेर वसन्तको प्रभावले सुन्दर बनेको पृथ्वीलाई विवेकज्योतिले शुद्ध बनेको विद्याको उपमा दिइएकाले विद्या तथा अविद्या सम्बन्धी चिन्तन व्यञ्जित भएको छ ।

प्रत्येक वृक्षमा निस्क्यो पुष्प पल्लव माधुरी ।
संसार जीवको रागी वासना झैं थरी थरी ॥ (१ : ५७)

वसन्त विचारको सन्ताउन्नौं श्लोकमा संसारप्रति रागी जीवको वासना झैं थरी थरीका अनेकौं आकर्षक रूपमा वसन्तका बेला प्रत्येक वृक्षमा फूल एवं पालुवाको माधुर्य निस्क्यो भनिएको छ । यहाँ वसन्तका बेला प्रत्येक वृक्षमा फूल एवं पालुवामा बहुविध सौन्दर्य देखिएको कुरालाई संसारप्रति रागी जीवको वासना अनेकथरी रूपमा प्रकट हुने कुराको दृष्टान्तका माध्यमबाट व्यक्त गरिएको छ । वास्तवमा वासनाको केन्द्रविन्दु तथा संसारचक्रको कारण अविद्या हो । अविद्याका कारण नै कर्मसंस्कारहरू बन्दछन् । नयाँ जन्मका कारणभूत यिनै कर्मसंस्कारबाट नै नयाँ जन्मको विज्ञान (चित्त) उत्पन्न हुन्छ । यही नै प्रतिसन्धि विज्ञान हो । यसैका कारण नामरूप (चित्त र शरीर) को प्रपञ्च प्रारम्भ हुन्छ । नामरूपका कारण छ आयतन (आँखा, कान, नाक, जिह्वा र त्वचा पाँच ज्ञानेन्द्रिय र एक मन गरी छवटा इन्द्रिय) उत्पन्न हुन्छन् । यी छ इन्द्रियहरूका कारण रूप, शब्द, गन्ध, रस, स्पृश्य पदार्थ र यिनका गुण/धर्मस्वभाव जस्ता लौकिक विषयहरूसँग इन्द्रियहरूको स्पर्श हुन्छ । स्पर्शका कारण संवेदना पैदा हुन्छ । संवेदनाका कारण तृष्णा उत्पन्न हुन्छ । सुखद संवेदनालाई प्राप्त गर्ने तथा प्राप्त सुखद संवेदनालाई रोकिराख्ने तृष्णा (राग) र दुःखद संवेदनालाई दूर गर्ने तथा अप्राप्त दुःखद संवेदनाबाट मुक्त

रहने तृष्णा (द्वेष) उत्पन्न हुन्छ । तृष्णाका कारण उपादान (आसक्ति) पैदा हुन्छ । यसरी जगत्प्रपञ्चको प्रारम्भ हुन्छ ।

अविद्याग्रस्त प्राणीहरू विषयसुखको आस्वादनमा नै मस्त रहन्छन् । त्यसैले भवंसरणमा परिरहन्छन् । विषयसुखमा दोष पनि हुन्छ । प्रत्येक विषयसुख क्षणभङ्गुर एवं विपरिणामी हुन्छ । प्रत्येक विषयसुख अन्ततः दुःखमा परिणत हुन्छ । यही नै यसको दोष हो । यो कुरा बुझेर केही विवेकशील मानिसहरू विषयसुखबाट विमुख हुनपुग्छन् । यही कुरालाई महर्षि पतञ्जलि (सन् २००४) ले 'विवेकशील व्यक्तिका लागि संसारमा केवल दुःखमात्र व्याप्त छ (पा.यो.सू.२:१५)' भनेका हुन् । विषयसुखको आस्वादनप्रति मानिसलगायत सबै प्राणीहरू आसक्त त छँदैछन् परन्तु मुक्तिका निम्ति विषयसुखको दोष जानेर त्यसबाट विमुख (विरक्त) हुनु आवश्यक हुन्छ । जब मानिस विषयसुखको निरर्थकता एवं सारहीनताको अनुभूति गर्छ अनि मात्र ऊ विषयवासनाबाट मुक्तिको प्रयास गर्छ । यसरी वैराग्य एवं प्रयत्नको फलस्वरूप उसले निरोध (निर्वाण) को स्वयं साक्षात्कार गर्छ । यही कुरालाई महर्षि पतञ्जलि (सन् २००४)ले 'अभ्यास एवं वैराग्यद्वारा चित्तवृत्तिको निरोध हुन्छ (पा.यो.सू. १: १२)' भनेका हुन् । उपर्युक्त श्लोकमा वसन्तका बेला प्रत्येक वृक्षका फूल एवं पालुवामा बहुरङ्गी सौन्दर्य देखिएको कुरालाई संसारप्रति रागी जीवको वासना अनेकथरी रूपमा प्रकट हुने कुराको दृष्टान्तका माध्यमबाट व्यक्त गरिएकाले अविद्या सम्बन्धी चिन्तन व्यञ्जित भएको छ ।

वनका बीचमा यौटा सिक्रो वृक्ष शरीर यो ।
बल विद्या गुमाएको भारतै तुल्य देखियो ॥ (१ : ६२)

अनेकौँ फूल एवं पालुवाबाट सौन्दर्यपूर्ण बनेको वसन्त कालको वनका मध्य भागमा रहेको शुष्क वृक्षलाई देखेर कवि विद्यारूपी बल गुमाएको वर्तमान समयको भारत वर्षसँग तुलना गर्न पुग्दछन् । यहाँ विद्यारूपी बल गुमाएको वर्तमान समयको भारतवर्ष उपमानका रूपमा आएको छ ।

क्षणिकानन्दमा लुब्ध जीव झैँ मोहजालमा ।
जलमा मग्न भै गोता लिन्छन् रसिक हालमा ॥ (२ : ८६)

यहाँ मोह वा अविद्याका जालमा परेर क्षणिक विषयानन्दमा लुब्ध जीव झैँ हाल अर्थात् ग्रीष्म ऋतुका समयमा रसिकहरू जलमा गोता लिन्छन् भनिएको छ । यसरी ग्रीष्म ऋतुका समयमा रसिकहरू जलमा गोता लिएको कुरालाई मोह वा अविद्याका जालमा परेर क्षणिक विषयानन्दमा लुब्ध जीवको उपमानद्वारा व्यञ्जित गरिएको छ । वास्तवमा इन्द्रिय एवं तिनका विषयका साथै मानसम्मान,

पदप्रतिष्ठा, धनसम्पत्ति एवं यौवन लगायत सम्पूर्ण सांसारिक सुख अनित्य एवं क्षणभङ्गुर भएकाले ढिलो चाँडो अवश्य नै विनष्ट हुन्छन् । त्यसैले यी सबै निश्चय नै दुःखस्वरूप छन् । अतः नित्य एवं अनन्त निर्वाण वा मोक्षको सुखसँग सांसारिक सुखको कुनै तुलना नै हुनसक्दैन । अझ वास्तवमा भन्ने हो भने सांसारिक सुखको अन्तिम परिणाम दुःख नै हो परन्तु प्रज्ञाविहीन सांसारिक व्यक्ति आफ्नो धनधान्य, वैभव, पुत्रकलत्र, मानसम्मान तथा पदप्रतिष्ठा आदि सबै मेरा हुन्, यी सधैं मेरा नियन्त्रणमा रहन्छन् तथा यिनमा सदैव मेरो अधिकार रहन्छ भन्ने ठान्दछ । परन्तु त्यस बिचराले जसलाई आफ्नो नियन्त्रणमा रहेको वा आफूले बाँधेको ठान्छ उसैबाट आफू नियन्त्रित रहेको वा बाँधिएको कुरा जान्दैन । केही पनि आफ्नो नियन्त्रणमा नरहेको तथा आफ्ना अगाडि नै हेर्दाहेर्दै सबै नष्ट भएको देखेर पनि ऊ विभ्रमबाट मुक्त हुनसक्दैन ।

सबै सांसारिक सुख विपरिणामी भएकाले वस्तुतः दुःखमय छन् भन्ने कुरा सत्य भए तापनि अन्तर्मनले सजिलै स्वीकार गर्दैन । रोग, व्याधि, बुढ्चौली एवं मृत्युलाई दुःखद मान्न सरल हुन्छ । त्यस्तै आफूले चाहेको व्यक्ति, वस्तु वा स्थितिको वियोग तथा नचाहेको व्यक्ति, वस्तु वा स्थितिका संयोगलाई दुःखद जान्न पनि सजिलो हुन्छ परन्तु कुनै उच्च पदस्थ, शक्तिशाली एवं समृद्धशाली व्यक्तिका रूपमा प्राप्त शक्ति, सम्मान एवं सुखलाई दुःखका रूपमा स्वीकार गर्न कठिन हुन्छ । अतः सामान्य मानिसहरू उच्च पदस्थ, शक्तिशाली एवं समृद्धशाली व्यक्तिका रूपमा प्राप्त शक्ति, सम्मान एवं सुखलाई दुःख मान्ने धारणालाई निराशावादी दृष्टि मान्न सक्छन् परन्तु जहाँ भौतिकता एवं भौतिक जगत्‌को अन्तिम सीमा आउँछ त्यहीँबाट प्रज्ञाजन्य वास्तविक आध्यात्मिक जगत्‌को प्रारम्भ हुन्छ । यहीं यसै जीवनमा नित्य एवं शाश्वत निरपेक्ष सत्यको अपरोक्षानुभूति प्राप्त गरी जीवन्मुक्तिको आनन्द प्राप्त गर्ने र मृत्युपश्चात् विदेहमुक्ति प्राप्त गरी भवचक्रबाट सदाका लागि उन्मुक्ति पाउने मार्ग खोज्नु निराशावादी दृष्टि नभएर परम आशावादी दृष्टि हो (शर्मा, २०७५, पृ.१४६) परन्तु मायानिर्मित संसार र सांसारिक विषयहरू जीवका निम्ति अत्यन्त आकर्षक छन् ।

कठोपनिषद्‌मा 'विद्या र अविद्या दुवै अत्यन्त विरुद्ध स्वभाव एवं विपरीत फलदायी छन् (कठ.उपः १.२.४)तथा अविद्याका बिचमा स्थित भएर पनि आफैंलाई बुद्धिमान् एवं पण्डित मान्ने मूढ पुरुष अन्धाहरूबाट मार्गदर्शन गराइएका अन्धा समान अविद्यामा नै घुमिरहन्छन् (कठ.उपः १.२.५)' भनिएको छ । वास्तवमा सामान्य मानिस अविद्याका जालमा परेर इन्द्रिय एवं तिनका विषयका साथै मानसम्मान, पदप्रतिष्ठा, धनसम्पत्ति एवं यौवन लगायत उच्च पदस्थ, शक्तिशाली एवं समृद्धशाली व्यक्तिका रूपमा

प्राप्त शक्ति, सम्मान एवं सुखमा नै लिप्त रहन्छ । उपर्युक्त श्लोकमा पनि यही कुरा अभिव्यक्त भएकाले यहाँ अविद्या चिन्तन अभिव्यञ्जित भएको छ ।

सुतिरहन्छ दुनियाँ सूर्योदय हुँदा पनी ।
अविद्याले अँठ्याएको वृद्ध भारत झैँ बनी ॥ (२ : ९८)

ग्रीष्म विचारको अन्ठान्नब्बेऔं श्लोकमा ग्रीष्म ऋतुका समयमा अविद्याले दवाएको वृद्ध भारत झैं बनेर सूर्योदय भइसक्ता पनि दुनियाँ सुतिरहन्छ भनिएको छ । यहाँ ग्रीष्म ऋतुका समयमा सूर्योदय भइसक्ता पनि दुनियाँ सुतिरहन्छ भन्ने कुराका निम्ति अविद्याले दबाएको वृद्ध भारतको उपमान दिएर वर्तमान समयमा भारत वर्ष अविद्याग्रस्त भएको कुरा व्यञ्जित गरिएको छ ।

झरीले छोपिराखेका वर्षाका दिन छन् सब ।
अविद्याले अँठ्याएका जीवतुल्य गतप्रभ ॥ (३ : ३८)

वर्षा विचारको अठ्तीसौं श्लोकमा झरीले छोपिराखेका वर्षाका सबै दिनहरू अविद्याले अँठ्याएका जीवतुल्य प्रभारहितछन् भनेर झरीले छोपिराखेका वर्षाका दिनहरूलाई अविद्याले अँठ्याएका जीवको उपमान दिइएको छ । यसरी यहाँ अविद्याको बन्धनमा रहेर भवसंसरणमा परेका जीवको उपमान दिइएकाले अविद्या/मायासम्बन्धी चिन्तन व्यञ्जित भएको छ ।

धमिला भलका साथ माछा पनि बडे बडे ।
कलिको सङ्ग पाएका दुराचार सरी बढे ॥ (३ : ५०)

वर्षा विचारको पचासौँ श्लोकमा धमिलो भलसँगै बडे बडे माछा पनि कलिको सङ्गत पाएका दुराचार समान बढे भनेर वर्षाको धमिलो भलसँगै बढेका माछालाई कलियुगको सङ्गतले बढेका दुराचारको उपमान दिइएको छ । विद्या प्राप्तिका लागि शीलसदाचारको पालन अपरिहार्य हुन्छ किन्तु वर्तमान युगका कथित आधुनिक शिक्षितहरूले शीलसदाचारको पालनलाई कमजोरी ठान्दछन् किनभने कथित आधुनिक शिक्षाको प्रयोजन धर्म, अर्थ, काम र मोक्षजस्ता पुरुषार्थ चतुष्टयको प्राप्ति नभएर केवल अर्थ र कामको प्राप्तिमात्र रहन गएको छ । परिणामस्वरूप वर्तमान युगमा दुराचारहरूको वृद्धि भएको छ । विद्या/प्रज्ञाविहीन व्यक्ति केवल अर्थ र कामको प्राप्तिलाई मात्र जीवनको सार्थकता ठानेर दुराचरणमा चुर्लुम्म डुब्नसक्छ । उपर्युल्लिखित श्लोकमा पनि कलियुगको सङ्गतले दुराचार बढेको कुरा व्यक्त गरिएकाले अविद्या चिन्तन ध्वनित भएको छ ।

हिले आहाल देखिन्छन् धमिला भलले भरी ।

ज्यादा दुर्वासनाजाल जमेका हृदयै सरी ॥ (३ : ५९)

वर्षा विचारको उनान्साठियौं श्लोकमा अत्यधिक दुर्वासनाको जालो जमेका हृदयसमान हिले आहालहरू पनि धमिला भलले भरिएका देखिन्छन् भनेर धमिला भलले भरिएका हिले आहालहरूका लागि दुर्वासनाको जालो जमेका हृदयको उपमान दिइएको छ । यसरी यहाँ कामतृष्णाग्रस्त भएर दुर्वासनाको जालो जमेका हृदयको उपमान दिइएकाले अविद्या चिन्तन ध्वनित भएको छ ।

कुइरो बढदै आयो शान्तिशोभा सबै हरी ।

जीवका मनमा मानू भोगको तिर्सना सरी ॥ (५ : ११)

हेमन्त विचारको एघारौँ श्लोकमा जीवका मनमा भोगको तिर्सना जसरी बढ्दै जान्छ मानौँ त्यसरी नै कुहिरो शान्ति र सौन्दर्य सबै हरण गरी बढ्दै आयो भनिएको छ । यहाँ हेमन्तका समयमा शान्ति र सौन्दर्य सबै हरण गरेर बढ्दै जाने कुहिराका निम्ति जीवका मनमा बढ्दै जाने भोगको तृष्णाको उपमान दिइएको छ । तृष्णाको दमनबाट मनोग्रन्थिको निर्माण हुन्छ भने तृष्णा अनुरूपको विषयोपभोगबाट पनि वासनात्मक कर्मसंस्कारहरू नै बन्दछन् । केवल प्रज्ञापूर्ण जीवनबाट मात्र कामतृष्णा, भवतृष्णा र विभवतृष्णाबाट मुक्ति प्राप्त हुन्छ परन्तु प्रज्ञामा स्थित हुन नजानेको जीव विषयोपभोगमा नै रत रही वासनात्मक कर्मसंस्कारहरू बढाउँदै जान्छ । परिणामस्वरूप तृष्णा पनि बढ्दै जान्छ । उपर्युक्त श्लोकमा पनि हेमन्तका समयमा बढ्दै जाने कुहिराका निम्ति जीवका मनमा बढ्दै जाने भोगको तृष्णाको उपमान दिइएकाले अविद्या चिन्तन व्यञ्जित भएको छ ।

बाल सूर्य प्रभाले त्यो फुस्स फुस्कन्छ सुस्तरी ।

व्युत्थान कलना द्वारा संयमीको मनै सरी ॥ (५ : १७)

हेमन्त विचारको सत्रौँ श्लोकमा विषयको विचार वा अनुभूतिद्वारा संयमीको मन फुस्किएजस्तै बाल सूर्यको प्रभाले पनि कुहिरो सुस्तरी फुस्स फुस्कन्छ भनिएको छ । यहाँ बाल सूर्यको प्रभाले पनि कुहिरो सुस्तरी फुस्स फुस्कन्छ भन्ने कुरालाई विषयस्पर्शको विचार वा अनुभूतिद्वारा संयमीको मन फुस्किने कुराको उपमानद्वारा स्पष्ट पारिएको छ ।

विषयको स्पर्श, विचार वा अनुभूतिद्वारा मन कसरी प्रभावित हुन्छ भन्ने कुरा ऋतम्भरा प्रज्ञाको जागरणबाट प्रस्ट हुन्छ । रूप देखेर स्मृति वा सजगता नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ । शब्द सुनेर स्मृति वा सजगता नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ । रस चाखेर स्मृति वा सजगता नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ । गन्ध सुँघेर स्मृति वा सजगता नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ । स्पर्शबाट स्मृति वा सजगता

नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ । चिन्तनबाट स्मृति वा सजगता नष्ट हुनसक्छ, मिथ्या हुनसक्छ किनभने मनले प्रिय मानेको कुराका निमित्त प्रतिक्रिया प्रारम्भ हुनथाल्छ । यस्तो अवस्थामा चित्तले शरीरमा भइरहेका संवेदनाहरूलाई महसुस त गर्दछ परन्तु तिनीहरूलाई प्रिय मानेर चित्त रागरञ्जित वा अप्रिय मानेर द्वेषदूषित हुनथाल्छ । चित्त त्यसैमा डुबुल्की मार्न थाल्छ । परिणामस्वरूप आश्रवहरू बढ्न थाल्छन् । भवसंस्कारहरूको संवर्धन हुन थाल्दछ ।यसरी भवसंसरणको प्रवाहतर्फ प्रवाहित गराउने आश्रव तथा कर्मसंस्कारहरूको संवर्धनको कारक अविद्या हो । उपर्युक्त श्लोकमा पनि विषयस्पर्शको विचार वा अनुभूतिद्वारा संयमीको मन फुस्किने कुराको उपमान दिइएकाले अविद्या चिन्तन व्यञ्जित भएको छ ।

विचार गर्दा उसको न रेखा छ न रङ्ग छ ।
ब्रह्ममा विश्व झैँ खाली भ्रान्तिको त्यो तरङ्ग छ ॥ (५ : १८)
भित्र अत्यन्त निःसार फुस्स आकार बाहिर ।
मायाजञ्जाल झैँ हुस्सू लठारिन्छ सबैतिर ॥ (५ : १९)

हेमन्त विचारको अठारौँ श्लोकमा ‘वास्तवमा विचार गर्दा कुहिराको न त रेखा छ, न त रूपरङ्ग नै छ । खाली ब्रह्ममा विश्वको भ्रान्ति भए झैँ त्यो कुहिरो पनि केवल भ्रान्तिको तरङ्ग मात्रै हो भनिएको छ । यहाँ कुहिराको वर्णन गर्ने क्रममा ब्रह्ममा विश्वको भ्रान्तिको उपमान दिइएको छ । हेमन्त विचारको उन्नाइसौँ श्लोकमा ‘भित्र अत्यन्त निःसार भए पनि बाहिर फुस्स आकार देखिने हुस्सू मायाजञ्जाल झैँ छ र त्यो सबैतिर लठारिन्छ’ भनिएको छ । यहाँ भित्र अत्यन्त निःसार भए पनि बाहिर फुस्स आकार देखिने हुस्सूलाई मायाजञ्जालको उपमान दिइएको छ ।

अद्वैत वेदान्तीहरूले व्यवहारका तहमा समस्त प्रपञ्चको सत्यता स्वीकार गरेका छन् । उनीहरूले जसलाई वस्तुवादीहरू असत् मान्दछन् त्यो प्रतिभासलाई समेत त्यसका स्तरमा सत्य मानेका छन् । उनीहरूका अनुसार प्रतिभास र व्यवहार दुवै असत् होइनन्, यिनीहरू सदसदनिर्वचनीय एवं मिथ्या हुन् । जगत् सत् होइन किनभने त्यो ब्रह्म समान कुटस्थ, नित्य एवं शाश्वत छैन, जगत् असत्य पनि होइन किनभने त्यो वन्ध्यापुत्र, खपुष्प, शशश्रृङ्गादि जस्तो प्रतीतिरहित पनि छैन । जगत् कुटस्थ, नित्य एवं शाश्वत नभएर अनित्य एवं देशकालावच्छिन्न छ । जगत्लाई कुटस्थ, नित्य एवं शाश्वत छ भनेर कसैले प्रमाणित गर्न सक्दैन भने अनित्य एवं देशकालावच्छिन्न छैन भनेर पनि कसैले प्रमाणित गर्न सक्दैन । व्यवहारका तहमा जगत्को निषेध असम्भव छ भने परमार्थ विधि निषेधभन्दा माथि छ ( शर्मा, सन् २०१०, पृ. २४४) । प्रज्ञाविनाको सङ्कल्पविकल्पात्मक मानवीय बुद्धिले परमार्थको विधि वा

निषेध गर्न सक्दैन किनभने त्यो बुद्धिभन्दा पर छ । अविद्या/माया नै सबै अनर्थहरूको मूल कारण हो र यसको प्रहाणबाट मात्र मानवजीवनको सर्वोच्च सार्थकता ब्रह्म साक्षात्कार वा निर्वाणको प्राप्ति हुन्छ ।

उपर्युक्त श्लोकहरूमा पनि खाली ब्रह्ममा विश्वको भ्रान्ति भए झैँ त्यो कुहिरो पनि केवल भ्रान्तिको तरङ्ग मात्रै हो । भित्र अत्यन्त निःसार भए पनि बाहिर फुस्स आकार देखिने हुस्सू मायाजञ्जाल झैँ छ भनेर हुस्सूलाई मायाजञ्जालको उपमान दिइएको छ । यसरी यहाँ अविद्या/माया चिन्तन ध्वनित भएको छ ।

मैलो विषयतृष्णामा मुक्तिको महिमा सरी ।
कुइरामा विपत्ता भो श्रीसूर्योदयको घरी ॥ (५ : ३०)
निद्राले चेतना जस्तै हुस्सूले दृष्टिको गति ।
साह्रै गुटूमुटू पाऱ्यो देखिँदैन यताउती ॥ (५ : ३१)
कुइरामा कठै ! !काग घुम्छन् अन्योलमा परी ।
मायाले मुक्तिको मार्ग बिर्सेका विषयी सरी ॥ (५ : ३२)

हेमन्त विचारको तिसौँ श्लोकमा मैलो विषयतृष्णामा डुबेपछि मानिसले जसरी मुक्तिको महिमा बिर्सिन्छ त्यसरी नै हेमन्तका बेला कुइरामा डुबेर सूर्योदयको समय नै थाहा हुँदैन भनिएको छ । यसरी यहाँ हेमन्तका बेला कुइरामा डुबेर सूर्योदयको समय बेपत्ता भएको कुराका निम्ति विषयतृष्णारूपी अविद्यामा डुबेपछि मुक्तिको महिमा बेपत्ता हुने कुराको उपमानका माध्यमबाट व्यक्त गरिएकाले अविद्या चिन्तन ध्वनित भएको छ । एकतिसौं श्लोकमा एकातिर निद्राले चेतनालाई जस्तै हुस्सूले दृष्टिको गतिलाई साह्रै गुटुमुटु पारेकाले यताउति केही पनि देखिँदैन भनेर हेमन्तका समयमा लाग्ने बाक्लो हुस्सुको वर्णन गरिएको छ भने अर्कातिर विषयतृष्णारूपी निद्राले प्रज्ञारूपी चेतनालाई जस्तै अविद्यारूपी हुस्सुले विद्यारूपी दृष्टिको गतिलाई साह्रै गुटुमुटु पारेकाले सदा सर्वत्र विद्यमान सर्वगत सच्चिदानन्दस्वरूप ब्रह्मको बोध (ब्रह्मसाक्षात्कार) हुँदैन भन्ने अर्थ ध्वनित गरिएको छ । बत्तिसौँ श्लोकमा अविद्या/मायाका कारण मुक्तिको मार्ग बिर्सेका विषयी झैँ हेमन्त ऋतुका बेला काग कुहिरामा अन्योलमा परी घुम्छन् भनेर हेमन्त ऋतुका बेला काग कुहिरामा अन्योलमा परी घुमेको कुरालाई अविद्या/मायाका कारण मुक्तिको मार्ग बिर्सेका विषयीको उपमान दिइएको छ ।

अविद्या/माया भनेको अज्ञान तथा मिथ्याज्ञान हो । ईशावास्योपनिषद्मा ‘ब्रह्म/सत्यको मुख स्वर्णिम ज्योतिर्मय पात्र (आवरण) बाट ढाकिएको छ (ईशा.उपः १५)’ भनिएको पाइन्छ । वास्तवमा

मायानिर्मित संसार र सांसारिक विषयहरू जीवका निम्ति अत्यन्त आकर्षक एवं मनमोहक हुने भएको र अविद्या/माया ब्रह्मबोधमा बाधक हुने भएकोले नै यसो भनिएको हो । कठोपनिषद्मा 'जसलाई विद्या र अविद्याका रूपमा जानिन्छ ती दुवै अत्यन्त विरुद्ध स्वभाव एवं विपरीत फलदायी छन् (कठ.उपः १.२.४) भनिएको छ भने त्यहीँ अविद्याका बिचमा स्थित भएर पनि आफैंलाई बुद्धिमान् एवं पण्डित मान्ने मूढ पुरुष अन्धाहरूबाट मार्गदर्शन गराइएका अन्धा समान अविद्यामा नै घुमिरहन्छन् (कठ.उपः १.२.५)' भनिएको छ । मुण्डकोपनिषद्मा यो समस्त विश्व, कर्म र तप (ज्ञान) पुरुष नै हो । त्यो पर तथा अमृतरूप ब्रह्म हो । जसले त्यसलाई सम्पूर्ण प्राणीहरूको अन्तःकरणमा रहेको जान्दछ त्यसले यहीँ अविद्याग्रन्थिलाई छेदन गर्दछ (मुण्डक.उपः २.१.१०)' भनिएको छ । छान्दोग्योपनिषद्मा 'विद्या र अविद्या दुवै भिन्न भिन्न फलयुक्त छन् । जुन कर्म विद्या, श्रद्धा, एवं योगयुक्त भएर गरिन्छ त्यही कर्म प्रबलतर हुन्छ (छान्दोग्य.उपः १.१.१०)' भनिएको छ । बृहदारण्यकोपनिषद्मा 'असत्बाट सत्तर्फ, तमस्बाट ज्योतितर्फ र मृत्युबाट अमृततर्फ लैजान प्रार्थना गर्दै अविद्यालाई असत्, अन्धकार र मृत्युका रूपमा तथा विद्यालाई सत्, प्रकाश तथा अमृतका रूपमा प्रस्तुत गरिएको छ (बृहद्.उपः १.३.२८) ।' प्रश्नोपनिषद्मा जसमा कुटिलता, मिथ्यात्व र कपट छैन उनीहरूलाई विशुद्ध ब्रह्मलोक प्राप्त हुन्छ ( प्रश्न.उपः १.१६)' भनिएको छ । श्वेताश्वतरोपनिषद्मा 'वेद, यज्ञ, क्रतु, व्रत, भूत, भविष्य, वर्तमान आदि जो वेदविहित छन् ती सबै मायावी ईश्वर अक्षरबाट नै उत्पन्न गर्दछ र त्यस प्रपञ्चमा अरूजस्तै बन्धनबद्ध हुन्छ (श्वेताश्व.उपः ४.९)' भनिएको छ । त्यसरी नै 'प्रकृतिलाई मायाका रूपमा जान्नुपर्दछ र ईश्वरलाई मायावीका रूपमा । त्यसैको अवयवभूत कार्यकारणसंघातबाट यो सम्पूर्ण जगत् व्याप्त छ ( श्वेताश्व.उपः ४.९)' भनिएको छ । यसरी उपनिषद्हरूमा अविद्या वा मायासम्बन्धी चिन्तन व्यक्त भएको पाइन्छ ।

महर्षि पतञ्जलि (सन् २००४) ले सम्पूर्ण भौतिक सुखहरू क्षणिक एवं विपरीत परिणति प्राप्त गर्ने स्वभावयुक्त भएकाले अन्ततः दुःखमा नै परिणत हुन्छन् परन्तु अविद्याग्रस्त जीवले यस वास्तविकताको अनुभव गर्न सक्दैन । परिणामस्वरूप उसले दोषपूर्ण ज्ञानका कारण अनित्य,अशुचि, दुःख एवं अनात्ममा क्रमशः नित्य, शुचि, सुख एवं आत्मको अनुभूति गर्नु नै अविद्या हो(पा.यो.सूः २.५)'भनेका छन्। प्राणीहरू आँखा र रूप, कान र शब्द, नाक र गन्ध, जिह्वा र रस, त्वचा र स्पर्श, चित्त र सुखद या दुःखद कल्पनाको भोग गर्दै त्यसैमा लिप्त रहन्छन् । उनीहरू मायाका बन्धनमा परिरहन्छन् । मायाको काम मनुष्यहरूलाई मुक्तिको मार्गतर्फ अग्रसर हुन नदिई पथभ्रष्ट गर्ने हो । अनेक प्रकारले

भ्रमित बनाएर मानवलाई मोहको बन्धनमा पार्नु नै यसको काम हो । अविद्या/मायाले बुद्धिमान् व्यक्तिहरूलाई समेत भ्रमित गरी बन्धनमा पार्छ । यदि कुनै व्यक्ति इन्द्रियका विषयहरूबाट विरक्त एवं वीतराग, वीतद्वेष भए पनि कुनै न कुनै दार्शनिक मान्यतामा अल्झाएर वीतमोह हुन दिँदैन । लोकीय ध्यानद्वारा लोकीय सिद्धिहरू प्राप्त गरेको तथा ब्राह्मी अवस्थामा पुगेको साधकलाई पनि त्यही ब्राह्मी स्थितिलाई नै नित्य, शाश्वत एवं अनन्त भएको काल्पनिक मिथ्या मान्यताको पासोमा फसाएर लोकोत्तर अवस्था प्राप्तितर्फ आकर्षित हुन दिँदैन र मुक्तिमार्गबाट विचलित तुल्याउँछ । उपर्युक्त श्लोकमा पनि हेमन्त ऋतुका बेला काग कुहिरामा अन्योलमा परी घुमेको कुरालाई माया वा अविद्याका कारण मुक्तिको मार्ग बिर्सेका विषयीको उपमान दिइएकाले यहाँ अविद्या/माया र मुक्तिमार्ग सम्बन्धी चिन्तनको काव्यात्मक अभिव्यक्ति गरिएको छ ।

**निष्कर्ष**

*ऋतुविचार* खण्डकाव्यको मूल अलङ्कार्य विषय परिवर्तनमूलक ऋतुचक्रसम्बन्धी प्रकृतिचित्रण भए पनि यस काव्यमा प्रकृतिचित्रणका सन्दर्भमा समाज, संस्कृति, नीति तथा अध्यात्मसम्बन्धी विषयगत बिम्बहरू आएका छन् । यस काव्यमा अध्यात्मसम्बन्धी विषयगत बिम्बहरूले पनि प्राकृतिक परिवर्तनमूलक ऋतुचक्रसम्बन्धी मूल विषयवस्तुभित्र नै स्थान पाएका छन् । यस खण्डकाव्यमा पौरस्त्य दर्शनको अविद्या/मायासम्बन्धी चिन्तन पनि अलङ्कार्यका रूपमा नभएर अलङ्कारका रूपमा व्यक्त भएको छ । वसन्तको दिव्य प्रभाव पर्दा सम्पूर्ण पृथ्वी विवेक रूपी ज्योतिले शुद्ध विद्यासमान बनिन् भनेर वसन्तको प्रभावले सुन्दर बनेको पृथ्वीलाई विवेकज्योतिले शुद्ध बनेको विद्याको उपमा दिइएको छ । त्यस्तै संसारप्रति रागी जीवको वासना अनेकथरी रूपमा प्रकट हुने कुरालाई दृष्टान्तका रूपमा प्रस्तुत गरी विद्या तथा अविद्या सम्बन्धी विचार व्यञ्जित गरिएको छ । अनेकौँ फूल एवं पालुवाबाट सौन्दर्यपूर्ण बनेको वसन्त कालको वनका मध्य भागमा रहेको शुष्क वृक्षलाई कवि विद्यारूपी बल गुमाएको वर्तमान समयको भारत वर्षसँग तुलना गर्न पुग्दछन् । विशाल मृगतृष्णा टाढा चम चम चम्किँदा त्यसलाई देख्ने व्यक्तिमा बडो आश्चर्यको भ्रम पर्दछ भनेर अविद्यालाई सङ्केत गरिएको छ ।

ग्रीष्म ऋतुका समयमा रसिकहरूले जलमा गोता लिएको कुरालाई अविद्या वा मोहका जालमा परेर क्षणिक विषयानन्दमा लुब्ध जीवको उपमानद्वारा सामान्य मानिस अविद्याका जालमा परेर इन्द्रिय एवं तिनका विषयका साथै मानसम्मान, पदप्रतिष्ठा, धनसम्पत्ति एवं यौवनलगायत उच्च पदस्थ, शक्तिशाली एवं समृद्धशाली व्यक्तिका रूपमा प्राप्त शक्ति, सम्मान एवं सुखमा नै लिप्त रहन्छ भन्ने

कुरा व्यञ्जित गरिएको छ । ग्रीष्म ऋतुका समयमा सूर्योदय भइसक्ता पनि दुनियाँ सुतिरहन्छ भन्ने कुराका निम्ति अविद्याले दवाएको वृद्ध भारतको उपमान दिएर वर्तमान समयमा भारत वर्ष अविद्याग्रस्त भएको कुरा व्यञ्जित गरिएको छ । झरीले छोपेका वर्षाका दिनहरू अविद्याले अँठ्याएका जीवतुल्य प्रभारहित छन् भनेर अविद्याको अन्धकारमय प्रभावतर्फ सङ्केत गरिएको छ । धमिलो भलसँगै ठुल्ठुला माछा पनि कलिको सङ्गत पाएका दुराचार समान बढे भनेर अविद्याजन्य अन्धकारका कारण वर्तमान समयमा दुराचार बढेको कुरातर्फ सङ्केत गरिएको छ । हिले आहालहरू पनि वर्षाका बेला धमिला भलले अत्यधिक दुर्वासनाको जालो जमेका हृदयसमान भरिएका देखिन्छन् भनेर मान्छेका मनमा जम्ने अविद्याजन्य दुर्वासनातर्फ सङ्केत गरिएको छ । जीवका मनमा भोगको तिर्सना बढे झैँ शान्ति र सौन्दर्य सबै हरण गरी कुहिरो बढ्दै आयो भनेर अविद्याजन्य कामतृष्णातर्फ सङ्केत गरिएको छ ।

हेमन्तका बेला बाल सूर्यको प्रभाले पनि कुइरो फुस्स फुस्कन्छ भन्ने कुरालाई विषयसुखको विचार वा अनुभूतिद्वारा संयमीको मन पनि फुस्किन सक्ने उपमानद्वारा स्पष्ट पारिएकाले अविद्या चिन्तन व्यञ्जित भएको छ । खाली ब्रह्ममा विश्वको भ्रान्ति भए झैँ त्यो कुहिरो पनि केवल भ्रान्तिको तरङ्ग मात्रै हो, भित्र अत्यन्त निःसार भए पनि बाहिर फुस्स आकार देखिने हुस्सू मायाजञ्जाल झैँ छ भनेर हुस्सूलाई मायाजञ्जालको उपमान दिइएकाले पनि माया/अविद्यासम्बन्धी चिन्तन ध्वनित भएको छ । कुहिरामा परी अन्योलग्रस्त बनेको कागका निम्ति अविद्याका कारण मुक्तिको मार्ग बिर्सेका विषयीको उपमान दिएर वेदान्त दर्शनको विषयी, अविद्या/माया र मुक्तिमार्ग सम्बन्धी चिन्तन व्यञ्जित गरिएको छ । यसरी लेखनाथ पौडेलको ऋतुविचार खण्डकाव्यमा पौरस्त्य दर्शनको अविद्या/मायासम्बन्धी चिन्तन सशक्त रूपमा अभिव्यञ्जित भएको छ । यस खण्डकाव्यमा व्यक्त अविद्या/मायासम्बन्धी चिन्तनमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तको प्रभाव उनको अध्ययन एवं श्रवण, मनन तथा निदिध्यासनगत हो भने बौद्ध दर्शनको प्रभाव उपर्युक्त दर्शनहरूसँग बौद्ध दर्शनको साम्यता र कविको पूर्वसंस्कारगत हो भन्ने कुरा प्रस्ट हुन्छ ।

**सन्दर्भसामग्रीसूची**

ईशावास्योपनिषद्,(२०६८),गीताप्रेस ।

ईश्वरकृष्ण, (सन् २००९), *सांख्यकारिका,* चौखम्बा सुरभारती प्रकाशन ।

कठोपनिषद्, (२०६८), गीताप्रेस ।

छान्दोग्योपनिषद्,(२०६९), गीताप्रेस ।

तैत्तिरीयोपनिषद्,(२०६८), गीताप्रेस ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी,केशव (२०५४), *नेपाली कविता भाग ४,* (तेस्रो संस्क.), साझा प्रकाशन ।

पतञ्जलि, (सन् २००४),*पातंजल योगसूत्र,* (सम्पा. स.ना.टंडन), विपश्यना विशोधन विन्यास ।

पौड्याल, लेखनाथ, (२०५१),*ऋतुविचार,*(उन्नाइसौं. संस्क.), साझा प्रकाशन ।

प्रश्नोपनिषद्, (२०६८), गीताप्रेस ।

बृहदारण्यकोपनिषद्, (२०६८),गीताप्रेस ।

मिश्र, जगदीशचन्द्र (सन् २००९ क), *भारतीय दर्शन भाग १,* चौखम्बा सुरभारती प्रकाशन ।

मिश्र, जगदीशचन्द्र, (सन् २००९ ख), *भारतीय दर्शन भाग २,* चौखम्बा सुरभारती प्रकाशन ।

मुण्डकोपनिषद्, (२०६८), गीताप्रेस ।

शङ्कराचार्य, (सन् २००४), *ब्रह्मसूत्रशाङ्करभाष्यम्,*चौखम्भा संस्कृत संस्थान ।

शर्मा, चन्द्रधर, (सन् २०१०), *भारतीय दर्शन आलोचन और अनुशीलन,* मोतीलाल बनारसीदास ।

शर्मा, यादवप्रसाद (२०७५),*पौरस्त्य दर्शन र नेपाली साहित्य,*शकुन्तलादेवी शर्मा ।

श्वेताश्वतरोपनिषद्, (२०६८), गीताप्रेस ।

## परिशिष्ट १

**सङ्क्षेपीकृत शब्दसूची**

ईशा.उप.–ईशावास्योपनिषद्
कठ.उप.–कठोपनिषद्
छान्दोग्य.उप.– छान्दोग्योपनिषद्
तैत्ति.उप.–तैत्तिरीयोपनिषद्
पा.यो.सू.– पातंजल योगसूत्र
प्रश्न.उप– प्रश्नोपनिषद्
बृहद्.उप.–बृहदारण्यकोपनिषद्
ब्र.सू.शा.भा.–ब्रह्मसूत्रशाङ्करभाष्य
श्वेताश्व.उप.–श्वेताश्वतरोपनिषद्
सा.का.–साङ्ख्यकारिका